This Question Paper consists of 13 questions and 7 printed pages.
इस प्रश्न-पत्र में 13 प्रश्न तथा 7 मुद्रित पृष्ठ हैं।

Roll No. / अनुक्रमांक | | | | | | | | | | | | |

Code No. / कोड नं. **67/S/A/NP**

SET/सेट **A**

# NEPALI
# नेपाली
# (231)

Day and Date of Examination :
( परीक्षाको दिन अनि दिनाङ्क ) ______________________

Signature of Invigilators :
( निरीक्षकहरूको हस्ताक्षर ) 1. ______________________

2. ______________________

**सामान्य अनुदेश :**

1. सबै प्रश्नहरूको उत्तर तपाईलाई दिइएको उत्तर-पुस्तकमा दिनु पर्छ।
2. यो प्रश्नपत्र पढ्न 15 मिनट समय दिइएको छ। दिउँसो 02 : 15 बजा प्रश्नपत्र वितरण हुनाछ। दिउँसो 02 : 15 बजादाखि दिउँसो 02 : 30 बजासम्म विद्यार्थीला प्रश्नपत्र मात्र पढ्नाछन् र यस अवधिमा उत्तर-पुस्तिकामा कुनै पनि उत्तर लाख्न छैनन्।
3. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
4. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस्। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
5. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस्।
6. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन।
7. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
8. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. **67/S/A/NP-A** लेख्नुहोस्।



Unnati Educations
9899436384, 9654279279

# NEPALI
# नेपाली
# (231)

**समय : 3 घण्टा ]** **[ पूर्णाङ्क : 100**

**सामान्य निर्देश :**

(i) **सबै** प्रश्नको उत्तर **अनिवार्य** छ र प्रत्येक प्रश्नको अङ्क छेउमा दिइएको छ।

(ii) यस प्रश्नपत्रमा तीन खण्ड – **खण्ड – क**, **खण्ड – ख** र **खण्ड – ग** छन्।

(iii) यस प्रश्नपत्रमा कुल **13** प्रश्नहरू छन्।

---

## खण्ड – क

**1.** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी तला सोधिएका प्रश्नहरूको उत्तर सही विकल्प चुनेर लेख्नुहोस् : (कुनै **6** वटा) **1x6=6**

शरीर स्वस्थ भए मात्र मानिसको मस्तिष्कको उचित विकास हुन्छ। मानव जीवनमा स्वस्थ शरीरको ठुलो महत्त्व छ। स्वास्थ्य प्राप्तिका लागि खेलकुदको महत्त्व कुनै अरू कुराभन्दा कम्ती छैन। जीवन सार्थक बनाउनका निम्ति व्यक्तिको सर्वाङ्गीण विकास भएको हुनुपर्छ। शिक्षाले बुद्धिको विकास हुन्छ औ खेलकुदले स्वस्थ शरीरको। स्वस्थ शरीर एउटा वरदान नै हो। स्वस्थ शरीर भएको व्यक्ति सधैं प्रसन्न रहन सक्छ औ उसलाई प्रत्येक कार्यमा आनन्द प्राप्त हुन्छ।

स्वामी विवेकानन्दका अनुसार स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको वास हुन्छ। शरीर एवम् मानसिक बललाई सुन्दर र सन्तुलित बनाउने एक मात्र साधन खेल हो। खेलकुद नै हाम्रो जीवनको सर्वाङ्गीण विकासको साधन हो। खेलकुदद्वारा शारीरिक विकासका साथ–साथै अनुशासन, सङ्गठन, आज्ञापालन, साहस, आत्मविश्वास तथा एकाग्रताजस्ता जीवनोपयोगी गुणहरूको विकास हुन्छ। यी गुणहरूको विकास भएको व्यक्तिले जीवनका प्रत्येक क्षेत्रमा सफलता प्राप्त गर्न सक्छ।

स्वास्थ्य तथा खेलकुदका माझमा गहिरो सम्बन्ध रहेको छ। स्वास्थ्य प्राप्तिका लागि प्राणायाम, योगासन, व्यायाम आदि गरिन्छ। तर यस्ता साधनबाट हामी मनोरञ्जन पाउन सक्तैनौं। यसबाट शरीर स्वस्थ भए तापनि यी साधन नीरस हुन्छन्। दौड, कबड्डी, खोखो, हक्की, भलिबल, फुटबल, क्रिकेट आदि खेलबाट व्यायामका साथ–साथै मनग्गे मनोरञ्जन पनि पाउन सकिन्छ। यसैले गर्दा हिजोआज विद्यार्थीहरू व्यायामभन्दा खेलकुदप्रति बढ़ी आकर्षित हुन्छन्।

(i) मानिसको मस्तिष्कको समुचित विकास निर्भर गर्छ त्यसको :

(A) शारीरिक स्वास्थ्यमा (B) मानसिक स्वास्थ्यमा

(C) आर्थिक अवस्थामा (D) परिवेशमा

(ii) स्वास्थ्य लाभ लागि के महत्वपूर्ण हो ?

(A) धन (B) यश (C) खेलकुद (D) विद्या

(iii) स्वस्थ व्यक्ति सर्वदा हुन्छ :

(A) प्रसन्न (B) ज्ञानी (C) निराश (D) उदास



Unnati Educations
9899436384, 9654279279

(iv) हाम्रो जीवनको सर्वाङ्गीन विकासको साधन हो :

(A) प्रसन्नता (B) निराशा (C) खेलकुद (D) व्यायाम

(v) 'स्वस्थ शरीर' मा 'स्वस्थ' को व्याकरणिक रूप हो :

(A) सर्वनाम (B) क्रिया (C) विशेषण (D) क्रिया विशेषण

(vi) उपर्युक्त अवतरणको समुचित शीर्षक हुन्छ :

(A) खेलकुद (B) खेलकुदको महत्त्व

(C) व्यायामको महत्त्व (D) स्वस्थ व्यक्ति

(vii) कुन महापुरूष को भनाई अनुसार स्वस्थ शरीरमा स्वस्थ मस्तिकको वास हुन्छ।

(A) स्वामी विवेकानन्द (B) दयानन्द सरस्वती

(C) गौतम बुद्ध (D) राजाराम मोहन राय

**2.** निम्नलिखित प्रश्नहरूका सही विकल्प चुनेर उत्तर दिनुहोस् : (कुनै **4** वदा) **1x4=4**

(i) लिखित भाषामा वाक्य के को अनुरूप हुन जरूरी छ ?

(A) स्पष्टता (B) तिथि (C) व्याकरण (D) वर्तनी

(ii) सामान्य कथन वा भनाइलाई विशेष आकर्षक बनाएर भन्नु के हो –

(A) कथन (B) वाग्धारा (C) शैली (D) उखान

(iii) बोलीमा पनि प्रयोग हुन्छ :

(A) मुहावरा (B) लोकोक्ति (C) (A) र (B) (D) विचार

(iv) बोलेर आफ्नो विचार प्रकट गर्नुलाई भनिन्छ :

(A) लिखित भाषा (B) मौखिक भाषा

(C) विभाषा (D) उपभाषा

(v) शब्दका अघि व अगाडि जोडेर बनेका शब्दहरू :

(A) प्रत्यय (B) उपसर्ग (C) सन्धि (D) समास

**3.** निम्नलिखित प्रश्नहरूको सही विकल्प चयन गरी उत्तर लेख्नुहोस् : (कुनै **5** वदा) **1x5=5**

(i) स्नेह, प्रणाम आदि कुन प्रकार पत्रका अभिवादन हुन् ?

(A) औपचारिक पत्र (B) अनौपचारिक पत्र

(C) व्यापारिक पत्र (D) सरकारी पत्र

(ii) परिवारका सदस्यहरूलाई लेखेको पत्र हुन्छ :

(A) औपचारिक (B) अनौपचारिक

(C) ज्ञापन (D) विज्ञापन

(iii) कुन प्रकारको पत्रमा 'धन्यवाद' लेख्नु हुँदैन ?

(A) व्यक्तिगत/पारिवारिक पत्र (B) अनौपचारिक

(C) प्राचार्य लाई लेखेको पत्र (D) उपर्युक्त सबै



**Unnati Educations**
**9899436384, 9654279279**

(iv) पत्रको मुख्य भाग पछि कुन अंग आउँछ :

(A) प्रस्तावना (B) सम्बोधन (C) विदाइ (D) ठेगाना

(v) पत्रको चौथो अङ्गमा हुन्छ पत्रलेखकको :

(A) विदाई (B) सम्बोधन (C) भूमिका (D) मुख्य कुरा

(vi) औपचारिक - पत्र कति प्रकार का छन्।

(A) दुई (B) तीन (C) चार (D) छ:

**4.** तलका प्रश्नहरूको सही विकल्प चयन गरी उत्तर लेख्नुहोस् : (कुनै **5** वदा) **1x5=5**

(i) निबन्ध लेखनका निम्ति के को ज्ञान हुनुपर्छ ?

(A) विद्वान (B) ज्ञानी

(C) लेखक (D) विषयगत सामग्रीको ज्ञान

(ii) निबन्धमा चाहिने मुख्य विषय है न :

(A) सामग्री (B) भाषा (C) शैली (D) उखान

(iii) निबन्धको मध्यभागलाई के भनिन्छ ?

(A) प्रस्तावना (B) उपसंहार (C) विषयप्रवेश (D) भूमिका

(iv) निबन्धमा लेख्नु पर्छ :

(A) अर्कोको विचार (B) कविको विचार

(C) आफ्नो विचार (D) मित्रको विचार

(v) निबन्ध मुख्यत: कति प्रकारका छन् ?

(A) दुई (B) तीन (C) चार (D) पाँच

(vi) निबन्ध रचनाका मुख्य तत्व हुन्छ ?

(A) एक (B) दुई (C) तीन (D) चार

## खण्ड - ख

**5.** तलका वस्तुनिष्ठ प्रश्नहरुको एक वा दुइ शब्दमा उत्तर लेख्नुहोस् : (कुनै **10** वदा) **1x10=10**

(i) कुन महाकाव्यबाट 'आमा' शीर्षक कविता उद्धृत हो ?

(ii) 'आमा' का कविको जन्मभूमि के हो ?

(iii) सबै प्राणीलाई कुन भाषा अति मीठो लाग्छ ?

(iv) हाम्रा प्रत्येक श्वासमा पलमा शहीदहरूको के छ ?

(v) भूपि शेरचनको कविता कुन काव्यधारामा छ ?

(vi) 'साहित्यिक होली' मा 'साथी' र 'युगवाणी' के हुन्।

(vii) कवि घिमिरे कुन छन्दका प्रेमी हुन् ?

(viii) 'कवि र कविता' कुन किस्मको हो ?

(ix) कवि घिमिरेले पत्नी - वियोगमा के रचिएका छन् ?

(x) 'बिर्सन दिन्नौ सन्ततिलाई' - कुन कविताको पंक्ति हो ?

(xi) लेखनाथ कस्ता कवि थिए ?



Unnati Educations
9899436384, 9654279279

6. निम्नलिखित वस्तुनिष्ठ प्रश्नहरूको एक वा दुई शब्दमा उत्तर लेख्नुहोस् : (कुनै 10 वदा) **1x10=10**

(i) नाटक श्रव्य काव्य वा दृश्य काव्य हो ?

(ii) ''नाति राजा तपाईलाई किन खुकुरी चाहियो ?'' वक्ता के हो ?

(iii) नागा भाषामा 'हुकी' भनेको के हो ?

(iv) सानु लामाको कुन कथा-सङ्ग्रहको निम्ति साहित्य एकाडेमी पुरस्कार प्राप्त भएको ?

(v) आक्रोश न भएको मान्छे कस्को जस्तो पो देखिदो रहेछ ?

(vi) साहित्यिक रचना निम्ति प्रयोग भाषालाई के भनिन्छ ?

(vii) 'पद्मा' मा कुल कतिजना पात्र छन् ?

(viii) नेपाली भाषाको दरखास्त रद्द भए हामीले के गर्नु पर्छ ?

(ix) ''मानिस आजमा बाँच्छ, भोलिमा होइना'' वक्ता के हो ?

(x) 'मार्चिपोकाण्डी' भनेको के हो ?

(xi) 'मृगतृष्णा' कस्ता कथा हो ?

7. निम्नलिखित प्रश्नहरूको यथानिर्देश उत्तर लेख्नुहोस् : (कुनै 10 वदा) **1x10=10**

(i) 'अङ्कुश' को विपरीतार्थक शब्द लेख्नुहोस्।

(ii) 'अप' उपसर्ग जोडेर एउटा शब्द-रचना गर्नुहोस्।

(iii) 'अत्याधुनिक' को सन्धि-विच्छेद गर्नुहोस्।

(iv) 'शीतोष्ण' – समासको नाम लेख्नुहोस्।

(v) 'तर' अनेकार्थी शब्दका दुइवटा अर्थ लेख्नुहोस्।

(vi) 'उद्यत-उद्धत' समध्वनिमूलक अर्थ लेख्नुहोस्।

(vii) 'मन लाउनु' वाग्धाराको अर्थ लेख्नुहोस्।

(viii) 'धनको मुख रातो' – उखानको अर्थ बताउनुहोस्।

(ix) 'चलन' मा हुने प्रत्यय लेख्नुहोस्।

(x) ''म भाइलाई नयाँ पुस्तक दिन्धु'' – विभक्ति को नाम उल्लेख गर्नुहोस्।

(xi) च्याक्से – खबटे को समास – विग्रह गर्नुहोस्।



Unnati Educations
9899436384, 9654279279

## खण्ड - ग

**8.** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधि एका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

तिनलाई त्यस मित्रसँगको यो वार्तालाप अहिले एकदम छोटो लाग्या। मित्रले खालि चाहिँदो कुरामात्र भनेछन् त्यसवेला। हो, सपना यस्तै प्रकारको घिनलाग्दो नै हुन्छ। सपना कत्ति नै सुन्दर किन नहोस् घिनलाग्दो नभएपनि त्यो खोक्रो हुन्छ, आढका लागि गतिलो भान हुन्छ लोभलाग्दो। तिनले सोचे यो जीवन सपना हो। यसमा त्यस्तै प्रकारको खोक्रोपन छ। तपस्वी ऋषि मुनिलाई भूत पिशाचले उसको मुमुक्षामा निरन्तर बाधा लिएझैं यो स्वप्निल कृत्रिमताले मान्छेको अन्त: करणको मुमुक्षामा रोकावट ल्याउँछ। आत्माभिव्यक्तिमा बाधा पार्छ। तर सांसारिक माया, यो सपनामय कृत्रिमता इत्यादिले जत्ति नै बेहेर राखे पनि आत्मा सदा-सर्वदा स्वतन्त्र छ-यो निराकार, असीम, अथाह अतिव्याप्त आत्मा सदा अतर्क्य र पवित्र रहेको छ। यही एउटा मात्र यथार्थ हो बाँकी सब भ्रममूलक हो-पोखरीको पानीमा देखिएको, जूनको छायजस्तो मरुभुमिमा व्याकुल यात्रीले मृगतृष्णा देखेको जस्तो। आकाशमा करोडौं ताराहरु छन्, त्यसमाथि भएन जूनले पनि सक्दो प्रकाश दिन्छ तैरपनि एउटै घाम डुबिदिंदा रात परिहाल्छ - एउटै आत्मा निस्केर जाँदा शरीर खोक्रो हुन्छ - अर्थहीन।

(i) जीवन सपना हो - व्याख्या गर्नुहोस्। **3**

(ii) कसको आत्माभिव्यक्तिमा कसरी बाधा हुन्छ ? **2**

(iii) 'सांसारिक माया' भनेको के हो ? **3**

(iv) 'शरीर खोक्रो हुन्छ' को अर्थ स्पष्ट गर्नुहोस्। **3**

**9.** निम्नलिखित पद्यांश ध्यानपूर्वक पढ़ी तला दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

''पाको कविको पाको कविता जति जति गहिरो हुन्छ
अति उति कविता अलब जान्छ कविता पो हुन्छ।।''

(i) पद्यांशको अर्थ स्पष्ट गर्नुहोस्। **5**

(ii) कविता सृजनलागि कविलाई के हुनुपर्द ? **2**

(iii) असल कविताको सृजन कसरी हुन्छ ? **3**

**10.** निम्नलिखित कुनै **तीनवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस् : **3x2=6**

(i) 'मेरो एउटा नागाहुकी' मा ताख्खेको मृत्यु किन वेदनादायक हो ?

(ii) 'जीवन र साहित्य' पाठ अनुसार धर्मले के उपदेश दिन्छ ?

(iii) ''टाइगर लाई कसले हिर्कायो ?'' वक्ता, श्रोता अनि प्रसंग लेख्नुहोस्।

(iv) नेपाली भाषा भन्दा कुन भाषा लेख्न सजिलो छ र किन ?

**11.** निम्नलिखित कुनै **दुइवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस् : **2x5=10**

(i) 'पद्मा' कथाबाट पाइने शिक्षा प्रस्तुत गर्नुहोस्।

(ii) 'त्रिकोण' एकाङ्कीको भाव - सौन्दर्य स्पष्ट गर्नुहोस्।

(iii) 'मृगतृष्णा' को भाषा - शैलीबारे वर्णना गर्नुहोस्।



Unnati Educations
9899436384, 9654279279

**12.** भाइको विवाहमा शामिल हुने निम्ति आफ्नो मित्रलाई एउटा पत्र लेख्नुहोस्। **5**

**अथवा**

नाट्य मञ्चन हेतु मञ्च उपलब्ध हेतु नगरपालिकाको संबंधित अधिकारीलाई एउटा पत्र लेख्नुहोस्।

**13.** निम्नलिखित कुनै **एक** विषयमाथि निबन्ध लेख्नुहोस् : **8**

(i) पर्यावरण प्रदूषणको रोकथाम

(ii) भारतका युवा

(iii) भ्रष्टाचार मुक्त भारत

(iv) एक अविस्मरणीय घटना।

- o 0 o -



Unnati Educations
9899436384, 9654279279